## मिति २०८२/१०/१५गतेको कार्यपालिका बैठकका निर्णयहरु

### निर्णय नं. १

प्रतिनिधि सभा निर्वाचन-२०८२ लाई स्वतन्त्र, स्वच्छ, निष्पक्ष, पारदर्शि तथा भयरहित वातावरणमा सम्पन्न गर्न निर्वाचन आयोगद्वारा जारी निर्वाचन आचार संहिता, २०८२ लाई नगरपालिकाको तर्फबाट पूर्ण रुपमा पालना गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

सैनामैना नगरपालिकाको स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यन्वयन निर्देशिका बमोजिम गठित प्राविधिक कार्यदलको पाठ्यक्रमको मस्यौदा तयार गर्ने मिति २०८२ चैत्रमसान्तसम्म थप गर्ने निर्णय गरियो ।

### निर्णय नं. ३

सैनामैना नगरपालिका वडा नं. ३ मा रहेको सैनामैना नगरपालिकाको शीतभण्डार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ बमोजिम ठेक्का प्रकृया गर्न राजश्व परामर्श समितिबाट सिफारिस भई आए अनुसार शित भण्डारको ठेक्काका लागि बार्षिक न्यूनतम अंक वार्षिक रु ३ लाख कायम गर्ने ।शीत भण्डारमा कृषि उपज राख्नका लागि रु. ५।– प्रति के जि शुल्क लिने । सो शीत भण्डार सञ्चालनका लागि कार्यविधी बमोजिमको प्रकृया पूरा गरी तीन बर्षको लागि प्रस्ताव आह्वान गर्ने निर्णय गरियो ।

### निर्णय नं. ४

सैनामैना नगरपालिकाको आ.व. २०८२।८३ को दोश्रो त्रैमासिक समिक्षा गरियो । समिक्षा प्रतिवेदन प्रस्तुतीकरण तथा छलफलको क्रममा आएका सुझावहरुलाई कार्यान्वयन गर्दै लैजान र चालु आ.व.का कार्यक्रमहरुलाई तोकिएको समयमा सम्पन्न गर्न नगरपालिकालाई निर्देशन दिने निर्णयगरियो ।

लक्ष्मीराम कर्मसिंगी
प्रमुख प्रशासकीय अधिकृत

...न्द्र प्रसाद श...
नगर प्रमुख